दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १०१ | बुटवल | २०८१ चैत २५, गते सोमबार | नेपाल संवत ११४५ | Monday Apr. 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# आजदेखि देशव्यापी शैक्षिक हड्ताल



**लुम्बिनी संवाददाता**

*बुटवल*

काठमाडौं केन्द्रित आन्दोलन गरिरहेका शिक्षकहरुले आम शैक्षिक हड्ताल घोषणा गरेका छन् । नेपाल शिक्षक महासंघको नेतृत्वमा चैत २५ गतेदेखि शैक्षिक हड्ताल घोषणा गरिएको हो ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले देशभरका सबै विद्यालयहरु बन्द गरी काठमाडौंको सडक आन्दोलनमा अनिवार्य सहभागी हुन आह्वान गरेका छन् ।

गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारी मैत्री विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग राख्दै महासंघको नेतृत्वमा देशभरका शिक्षकहरु २०८१ माघ २० गदेखि निरन्तर आन्दोलनमा छन् ।

यसैक्रममा उनीहरुले चैत २० गतेदेखि काठमाडौंमा प्रदर्शन गर्दै आएका छन् । उनीहरुले यसलाई शिक्षा ऐन जारी गराउने सवालमा 'अन्तिम र निर्णायक आन्दोलन' भनेका छन् ।

नेपाल शिक्षक महासंघको राष्ट्रिय समितिको विज्ञप्तिमा लेखिएको छ-'यो आन्दोलनलाई सशक्त बनाउन २०८१ चैत २५ गतेबाट आम शैक्षिक हड्तालको घोषणा गरिएको छ । अब देशभरको सबै विद्यालय बन्द गरी काठमाडौंको शैक्षिक सडक आन्दोलनमा सहभागी हुन अनिवार्य आउन हामी सबै शिक्षक-कर्मचारी साथीहरुलाई आग्रह गर्दछौं ।'

महासंघले आन्दोलनको अवधिमार उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमण जस्ता कुनै पनि काममा संलग्न नहुन पनि आग्रह गरेको छ ।

शिक्षकहरूले माग पूरा नभएसम्म उत्तरपुस्तिका परीक्षण नगर्ने घोषणा गरेपछि एसईई नतिजा प्रकाशन तयारीमा ढिलाइ हुने भएको छ ।

**सरकारले माग पूरा गर्नुपर्छ : प्रचण्ड**

यसैबिच नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आन्दोलनरत शिक्षकहरूको माग पूरा गर्न आवश्यक परेमा विशेष अधिवेशन बोलाउन सकिने बताएका छन् ।

नेवा राष्ट्रिय मुक्ति मोर्चाको प्रशिक्षण भेलालाई शुक्रबार सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

माग पूरा नभएसम्म सडक आन्दोलन नछोड्न शिक्षकहरूलाई आग्रह गर्दै उनले शिक्षकहरूलाई सताउने काम सरकारले बन्द गर्नुपर्ने बताए ।

'शिक्षहरूलाई बधाइ भन्न चाहन्छु । तपाईंहरूले माग पूरा नभएसम्म आन्दोलन छोड्दैनौं भन्नु भएको छ । जबसम्म माग पूरा हुँदैन, कहिले सिटी बजाउनुस्, कहिले के । हामी तपाईंहरूको साथमा छौं ।'-उनले भने ।

उनले अगाडि भने-'मैले प्रतिपक्षी सबै दलसँग कुरा गर्न त भ्याएको छैन । प्रतिपक्षीको बैठक बसेर शिक्षकहरूको निम्ति जरुरी पऱ्यो भने संसद्को विशेष अधिवेशन बोलाउन सकिन्छ । यसका लागि प्रतिपक्षी दलहरूसँग छलफल गर्ने मेरो विचार छ । सरकारले शिक्षकहरूलाई सताउने काम नगरोस् ।'

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पनि शिक्षकहरुको माग पूरा गर्न सरकारलाई आग्रह गरेका छन् ।

## गभर्नर नियुक्तिमा बिचौलियाको खेल : शेखर



बुटवल । नेपाली कांग्रेसका सांसद डा. शेखर कोइरालाले देशको नेतृत्व गर्नेहरू बिचौलियाको खेलमा सहभागी बनेको आरोप लगाएका छन् ।

आइतबार काठमाडौंमा सुमन कर्माचार्यको 'कात्रोमा खल्ती' लोकार्पण समारोहलाई सम्बोधन गर्दै उनले नेतृत्व तह नै बिचौलियासँग मिल्दा देश विकासमा समस्या आइरहेको बताएका हुन् ।

'आज हेर्नुस् केही दिन पहिला नेपालको सबैभन्दा ठूलो र पुरानो त्रिभुवन युनिभर्सिटीमा भिसीले रिजाइन गर्नुभयो । किनभने मलाई धेरै प्रेसर पऱ्यो मैले सकिनँ भनेर भन्नुभयो । हामी सक्छौँ तर पटक-पटक म एउटै शब्द प्रयोग गर्दैछु- बिचौलियाहरू,' उनले भने-'हाम्रा नेतृत्वहरू बिचौलियाहरूको खेलमा इन्भल्ब हुनुहुन्छ। त्यो कारणले यो समस्या आइरहेको छ । नेपाललाई विकास गर्ने हो भने, नेपाललाई समृद्ध बनाउने हो भने तीन-चारवटा कुरामा हामीले ध्यान दिनुपर्छ । त्यसो गर्नसके नेपाललाई समृद्ध बनाउन सकिन्छ ।'

उनले संविधान संशोधनलाई मुद्दा बनाएर कांग्रेस-एमालेसहितको गठबन्धन बनेको भन्दै ९ महिनासम्म काम नभएकोमा असन्तुष्ट व्यक्त गरे । 'संविधानमा सुधार गर्ने भनेका छौं । संविधान पुनर्लेखन त भनेका छैनौं । त्यसलाई हेरिदिने केके परिवर्तन गर्न सकिन्छ, त्यतातिर जाने भनिएको थियो । आज ९ महिना बितिसक्यो हामीले त्यतातिर ध्यान दिन सकेका छैनौं,' उनले भने-'के-केमा संशोधन गर्ने हो त्यो हामी हेरौं, गरौं गर्नैपर्छ । किनभने यो त प्रधानमन्त्रीजीले रोस्ट्रममा उभिएर बोलेको कुरा हो । यो मैले त्यसै भनेको कुरा होइन। नेपाली कांग्रेस र एमालेको सहमतिको डकुमेन्ट हो यो । दोस्रो कुरा आर्थिक अवस्था एकदम नाजुक छ देशको । त्यसलाई सुधार गर्दै अघि लैजाने । सुधार गर्ने प्रक्रियाहरू अघि बढे भनेर अध्यादेशमार्फत ऐन पनि आयो । हुन्छ कि भन्ने आशा छ । कत्तिको हुन्छ, हेरौं । कि त्यहाँ पनि फेरि बिचौलियाहरूकै खेल छ कि ?'

» *बाँकी ३ पेजमा*

## 'पोखरा विमानस्थलमा ८ अर्ब बढी भ्रष्टाचार'

बुटवल । संसद्को सार्वजनिक लेखा समितिको एक उपसमितिले पोखरा विमानस्थल निर्माणमा नीतिगत आवरणमा शृंखलाबद्ध भ्रष्टाचार भएको प्रारम्भिक निष्कर्ष निकालेको छ ।

पोखरा विमानस्थल निर्माणबारे लेखा समिति सदस्य एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा गठन भएको उपसमितिले मन्त्रिपरिषद्को नीतिगत निर्णयको आवरणमा विमानस्थलको लागत बढाइएको र त्यसपछि शृंखलाबद्ध भ्रष्टाचार भएको निष्कर्ष निकालेको हो ।

बिहीबारको बैठकमा उपसमितिका सबै सांसदहरू विमानस्थल निर्माणमा भ्रष्टाचार भएको निष्कर्षमा पुगेपछि लेखा समितिको सचिवालयले प्रतिवेदनको मस्यौदा बनाउन थालेको छ । उपसमितिका संयोजक एवं राप्रपा संसदीय दलका नेता लिङ्देनले पोखरा विमानस्थल निर्माण नेपालकै ठूलो भ्रष्टाचारमध्ये एक देखिएको बताए ।

'१४ अर्ब रुपैयाँको लागत अनुमानलाई चुनावी उद्देश्यले गठन भएको खिलराज रेग्मी नेतृत्वको सरकारले २२ अर्ब पुऱ्यायो, त्यसपछि कैयौं प्राविधिक त्रुटि र आर्थिक विचलनहरू देखिए,' लिङ्देनले भनेका छन्-'भेटिएका अनियमितताका विवरण शीर्षकअनुसार संकलन गर्ने काम भइरहेको छ, केही ठाउँमा थप विवरणका लागि पत्राचार भएको छ ।'

संविधानसभाको दोस्रो निर्वाचन गर्न तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वमा गठन भएको सरकारले सर्वोच्च अदालतका पूर्वरजिष्ट्रार डा. रामकृष्ण तिमिल्सिनाको नेतृत्वमा समिति गठन गरेर १४ अर्बको लागत अनुमानलाई २२ अर्ब पुऱ्याएको थियो । उपसमितिका एक सदस्य भन्छन्-'त्यो नै नीतिगत आवरणमा भएको पहिलो बेथिति थियो ।'

नेपाल सरकार र चिनियाँ निर्माण कम्पनी सीएएमसीबीचको सम्झौताअनुसार, विमानस्थल निर्माणमा प्रयोग हुने उपकरण लगायतका सामग्री ल्याउँदाको करको दायित्व निर्माण कम्पनी सीएएमसीको हुने उल्लेख थियो । पछि भने पटक-पटक सरकारले कर छुट दिएको भेटिएको छ ।

उपसमितिमा रहेका कांग्रेस सांसद अर्जुननरसिंह केसीका अनुसार, पोखरा विमानस्थलको अनियमितता राज्यशक्तिको दुरुपयोगको एउटा उदाहरण हो । विमानस्थलको स्टिमेट बनाउनेदेखि साजसज्जा र उपकरण जडान गर्दासम्म अनियमितता भेटिएको उनले बताए ।

'सुरुमा त एसियाली विकास बैंकले जे स्टिमेट गरेको थियो, त्यसलाई निकै बढाएर निर्माण कार्य अघि बढाइयो, निर्माणको गुणस्तरदेखि कर राजस्वका विषयहरू यसमा उठेका छन्,' उनले भने-'हामी प्रतिवेदनको तयारीमा छौं । केही दिनमा नै लेखा समितिमा प्रतिवेदन पेस हुनेछ ।'

उपसमितिले अध्ययन गर्दा कर छुट भएको रकम मात्रै २ अर्ब २० करोड रुपैयाँ रहेको फेला पारेको छ । सरासर भ्रष्टाचार देखिने यो काममा विभिन्न सरकार, मन्त्रीहरू र सचिवसमेत संलग्न भएको उपसमितिको निचोड छ । बाह्य दबाब आउने भन्दै उपसमितिका पदाधिकारीहरूले निर्णय प्रक्रियामा संलग्नको नाम सार्वजनिक गरेका छैनन् ।

छिनेडाँडा काट्न मात्रै नागरिक उड्डयन प्राधिकरणबाट करिब ३२ करोड २ लाख रुपैयाँ भुक्तानी भएको छ । ठेक्का सम्झौताअनुसार गुणस्तरीय काम नगरी ठेकेदारलाई अस्वभाविक लाभ हुने काम गरेको भेटिएको छ ।

» *बाँकी ३ पेजमा*

## ८ महिनामा ७ अर्ब २८ करोड बढी राजस्व संकलन



भैरहवा । आन्तरिक राजस्व कार्यालय भैरहवाले चालु आर्थिक वर्षको ८ महिनामा ७ अर्ब २८ करोड ६४ लाख रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयले ८ महिनामा वार्षिक लक्ष्यको ९०.०५ प्रतिशत राजस्व संकलन गरेको हो ।

उक्त कार्यालयलाई राजस्व विभागले ८ अर्ब ९ करोड १६ लाख रुपैयाँ असुलीको लक्ष्य दिएको थियो । विगतका केही वर्षमा आन्तरिक राजस्व संकलनमा विभागले असुली गर्न दिएको लक्ष्य पूरा गर्न असफल भएको राजस्व कार्यालय भैरहवाले शत प्रतिशत संकलन गर्न नसकेता पनि चालु वर्षको ८ महिनामा लक्ष्यको ९० प्रतिशतमाथि राजस्व संकलन गरेको आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलले बताए ।

मासिक राजस्व संकलनको लक्ष्यसमेत पूरा गर्न नसकेको कार्यालयले चालु आवको ८ महिनामध्ये भदौ, असोज र फागुनमा राजस्व विभागद्वारा तोकिएअनुसारको राजस्व संकलन गरेको छ भने अन्य महिनामा पनि उल्लेखनीय रूपमा राजस्व संकलन गरेको पोखरेलले जानकारी दिए ।

कार्यालयले फागुनमा विभागले दिएको ९४ करोड ६ लाखको लक्ष्यमा ९४ करोड ६२ लाख संकलन गरेको छ। यो लक्ष्यको १००.६० प्रतिशत हो । गत आवको फागुन महिनामा संकलित राजस्वसँग तुलना गर्दा चालु आवको फागुनमा २०.८० प्रतिशत अर्थात् १६ करोड २९ लाख रुपैयाँ बढी हो । कार्यालयले चालु आवको ८ महिनामा आयकरतर्फ १ अर्ब ३ करोड २१ लाख, मूल्य अभिवृद्धि करतर्फ १ अर्ब २६ करोड २३ लाख, अन्तशुल्कबापत ४ अर्ब ८५ करोड ६७ लाख संकलन गरेको छ ।

बजार अनुगमन, करको दायरामा नआएका र छुटेकाहरूलाई दायरामा ल्याउने, आमसर्वसाधारणमा कर शिक्षा प्रवाह, कर छल्नेलाई कारबाही, कर बक्यौता असुलीलगायतका काममा समेत कार्यालयको टिम लाग्दा राजस्व संकलनको लक्ष्य नजिक पुगेको प्रमुख कर अधिकृत पोखरेलले बताए ।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# रवि पक्राउमा प्रहरी सक्रियता

उच्च अदालत तुलसीपुर, बुटवल इजलासले सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा रास्वपाका सभापति रवि लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिए लगत्तै पक्राउमा प्रहरी सक्रियतासँग केही प्रश्न उठेका छन् । अदालतको आदेश लगत्तै पक्राउमा प्रहरी सक्रियतामा उठेका कतिपय प्रश्न जायज र स्वभाविक छन्, कतिपय सामाजिक सञ्जालको खपतका लागि उठाइएको छ ।

रूपन्देही जिल्ला अदालतले रविलाई १ करोड धरौटीमा छाड्ने आदेश दिएको थियो । उच्च अदालतले रविलाई धरौटीमा छाड्न नमिल्ने भन्दै जिल्ला अदालतको आदेश उल्टाएर पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो । अदालतको आदेश आए लगत्तै प्रहरीले सक्रियतापूर्वक अदालतको आदेश कार्यान्वयन गऱ्यो । प्रहरीले कहाँ, कसरी पक्राउ गऱ्यो भन्ने प्रश्नमा कानुनी आधारभन्दा राजनैतिक स्टण्डका लागि उठाइएको छ। बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा पूवडीआइजी छविलाल जोशीलाई जिल्ला अदालतले थुनामा पठाउने आदेश दिएको थियो । । एउटै कसुरमा रविलाई धरौटीमा छाड्ने र छविलाई थुनामा पठाउने आदेशप्रति चौतर्फी प्रश्न उठेको थियो। जिल्ला अदालतको आदेशलाई उच्च अदालतले सच्चाएको छ। अहिले चर्को प्रश्न उठेको विषय हो, पक्राउ गर्न गएका प्रहरी अधिकृतले सोधेको प्रश्न बारे। पक्राउ गर्न गएका प्रहरी अधिकृतले अब तपाईंको अन्तिम इच्छा के छ भनेर सोधे। त्यो प्रश्नप्रति तत्काल प्रतिवाद भएपछि पक्राउ हुनुअघि केही छ कि भन्ने आशय रहेको प्रहरी अधिकृतले बताएका छन्। भुलसुधार गरिसकेकाले त्यो प्रश्न पनि ठूलो होइन्, तर सामाजिक सञ्जालमा कतिपय सवाल गम्भीर बन्नसक्छन् भन्ने हेक्का प्रहरीलाई नहुनु कमजोरी हो। पूर्व गृहमन्त्रीलाई पक्राउ गर्न जाने प्रहरी अधिकृत परिपक्क शैलीमा जानुपर्छ भन्ने प्रहरी संगठनले हेक्का राख्नुपर्छ, जुन हेक्का राखेको पाइएन् । अदालतको आदेश लगत्तै जाँदा आदेशको प्रतिलिपी, पक्राउ पुर्जी खोज्न सक्छन् भन्ने हेक्का नहुनु प्रहरीको कमजोरी हो । यद्यपी आदेश आइसकेपछि प्रहरीले पक्राउ गर्न सक्छ । केही दिनअघिको राजावादी आन्दोलनमा दुर्गा प्रसाईंलाई पक्राउ गर्न चुक्दा प्रहरीप्रति नै प्रश्न उठेपछि प्रहरी सर्तक भएको हुनसक्छ। दुर्गा जसरी प्रहरीलाई छलेर भागे, रवि भाग्न सक्ने संभावना न्यून थियो । अदालतले धरौटीमा छाडेका व्यक्ति भाग्ने संभावना न्यून हुन्छ। प्रहरीलाई जुन हतारो भयो, त्यसअनुसार आवश्यक कागजपत्र तयार नगर्नु र बोली व्यवहारमा हेक्का नराख्दा प्रहरी संगठनको भूमिकामाथि नै प्रश्न उठेको छ ।

यी घटनाबाट सुधार गर्नुपर्ने विषयलाई गृहप्रशासन र प्रहरी संगठनले सहजै सुधारको बाटोमा लाग्नुपर्छ । कतिपय उठेका जायज प्रश्नलाई सहजै स्वीकार गरी सुधार गर्दा प्रहरीप्रतिको विश्वसनीयता र भरोसा बढ्ने हो । एउटै कसुरमा रवि र छविलाई फरक-फरक आदेशलाई उच्च अदालतले सच्चाएर कानुन सबैलाई बराबर भन्ने सन्देश दिएको छ। यो सँगै कुनै व्यक्तिलाई पक्राउ गर्नुअघि र गरिसकेपछि पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड सबैका हकमा बराबर हुनुपर्छ भन्ने पनि सिकाइ कार्यान्वयन हुनुपर्छ। मापदण्ड बनाएर व्यवहारमा लागू गर्न गृहमन्त्री भएका बेला रविले पनि चासो दिएनन्, उनले पनि कान्तिपुर पब्लिकेशन्सका अध्यक्ष कैलाश सिरोहियालाई रातारात जनकपुर पुऱ्याएका थिए, त्यही शैलीमा उनलाई पक्राउ गरेर प्रहरीले भैरहवा पुऱ्यायो।

# गणतन्त्रमाथि झोसिएको आगो



सागर पण्डित

हरेक नीति, कार्यक्रम र योजना बनाउँदा जनतालाई केन्द्रविन्दुमा राखेर बनाउनुपर्छ, नकि बिचौलिया र माफियाको हित हेरेर। यदि शासकहरुले यस्तो चरित्रको विकास गर्न सकेनन् र भ्रष्ट चरित्रलाई यथावत् राख्दै जनताको भावनालाई कुल्चने प्रयास गरे भने तीनकुनेमा लागेको गणतन्त्रमाथिको आगोले डढेलोको रुप लिन सक्ने र त्यसले गणतन्त्रका सञ्चालकहरुलाई मात्रै नभएर गणतन्त्रलाई नै भष्म पार्न सक्ने जोखिम नआउला भन्न सकिँदैन।

चैत्र १५ गते काठमाडौंको तीनकुनेमा आगजनी, तोडफोड र हिंसा मच्चियो । एकजना श्रमजीवि पत्रकार र अर्का एक युवक गरी दुईजनाको दुःखद निधन भयो । एकजना युवा सबिन महर्जन प्रहरीको गोलीबाट मारिए भने अर्का युवा पत्रकार सुरेश रजक राजावादीहरुले आगो लगाएको घरमा जिउँदै जलाएर मारिए । यी दुवै हत्या जघन्य अपराध थिए।

घटनामा सुरक्षाकर्मी र आन्दोलनकारी गरी कैयौँ व्यक्ति घाइते भए । उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । सोही दिन विभिन्न ठाउँमा लुटपाट र आगजनीसमेत गरिए । कार्यक्रम राजावादीहरुले आयोजना गरेका थिए र त्यसका मुख्य कमान्डर राजनीतिक चेत नभएका, हुल्लडबाज, सधैँ ठोक्ने, सिध्याइदिनेजस्ता आपराधिक प्रवृत्तिका प्रवचन दिँदै आएका दुर्गा प्रसाईं थिए । यद्यपि सो कार्यक्रमलाई अन्य सबै राजावादी दल तथा विभिन्न समूहले समर्थन जनाएका थिए।

त्यो दिन जति पनि घटना घटे ती प्रसाईंकै कारणले घटेको देखिन्छ। यद्यपि सरकार र सुरक्षा निकाय पनि कतिपय सवालमा चुकेकोचाहिँ सत्य नै हो । तर घटनाको जिम्मेवारी प्रसाईं र आयोजक समूहले लिन मानेको छैन । राजावादीहरुले सरकार र सुरक्षा निकायको दमनका कारण स्थिति उत्तेजक बन्न गएकाले विभिन्न घटना घटेको दाबी गर्दै त्यसको जिम्मेवारी सरकारी पक्षले लिनुपर्ने बताउँदै आएको छ।

राजावादीहरुले मच्चाएको लुटपाटलाई भने कुनै पनि सचेत नेपालीले समर्थन गर्नै सक्दैन। उनीहरुले जसरी लुटपाट मच्चाए, त्यो अक्षम्य अपराध नै थियो। सरकारले लुटेराहरुलाई खोजतलास गरी कडा कारबाही गर्नुपर्छ र दण्डहीनताको अवस्था अन्त्य गर्नुपर्छ । घटना त घट्यो, त्यसले गर्दा राजावादी र पूर्वराजा ज्ञानेन्द्रले ठूलो क्षति व्यहोर्नुपरेको छ । पूर्वराजा र राजावादीहरुले अहिलेसम्म सञ्चित गर्दै आइरहेको शक्तिलाई १५ चैत्रको हिंसा, लुटपाट र आगजनीका घटनाले निमेषभरमा नै समाप्त पारिदिएको छ।

यद्यपि त्यो कार्यक्रममा त्यति धेरै मानिस आएर सरकारलाई किन चुनौती दिए त ? भन्ने बारेमा हाम्रा गणतन्त्रवादीहरुले गम्भीर समीक्षा गरेको देखिएन। उनीहरु आफू सच्चिने कोशिश नै गरेको पाइएन, उल्टो राजावादी र पूर्वराजालाई सत्तोसराप र कारबाहीको धम्की दिँदै गणतन्त्रवादी नेताहरुले दिन बिताउन थालेका छन्।

हिंसा मच्चाउने राजावादी र पूर्वराजालाई कारबाही गर्ने विषयहरु चर्चाइरहँदा उनीहरुले मुलुकमा सुशासनका रंगहरु भर्ने, नागरिकलाई सहज सेवा दिने, बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जना गर्ने, स्वास्थ्य, शिक्षामा देखिएका विकृति अन्त्य गर्ने, महँगी नियन्त्रण गर्ने, किसान, श्रमिक र मजदुरका समस्याहरुलाई समाधान गर्ने, सरकारका महत्वपूर्ण निकायमा हाम्रा होइन राम्रा मान्छे राख्ने, विकास निर्माणका कार्यलाई द्रुत गतिमा अघि बढाउने, भ्रष्टाचारीमाथि कठोर बन्नेलगायतका काममा सरकारले गम्भीर छलफल र बहस गर्नुपर्थ्यो।

तर प्रधानमन्त्रीले आयोजना गरेको सर्वदलीय बैठकमा यस्ता विषयले प्रवेश नै पाएनन् । गणतन्त्रलाई जोगाउन प्रधानमन्त्रीले सबै गणतन्त्रवादी दलहरुलाई बोलाएर छलफल गर्नुभयो । यो राम्रो हो । हत्या, हिंसा र आगजनी गर्नेलाई कानुनी दायरामा ल्याउने कुरा पनि गर्नुभयो । यो पनि राम्रो हो । तर सर्वदलीय बैठकमा गणतन्त्रवादी सबै दलहरुले किन तीनकुने घटना घट्न पुग्यो ? किन त्यत्रा मान्छेहरु सहभागी भए ? भन्ने बारेमा गहन छलफल र विश्लेषण गर्न उपयुक्त नै ठानेनन्।

पछिल्ला दिनमा गणतन्त्र सञ्चालनका शासकहरु लुटेराजस्तै बन्न खोजेको आरोप धेरै सर्वसाधारणले लगाउने गरेका छन्। गणतन्त्रवादी दलका नेता, कार्यकर्ता तथा आसेपासेबाहेक अन्य सबै सर्वसाधारण प्रमुख दल र तिनका नेताहरुप्रति खासै सकारात्मक छैनन् । तर गणतन्त्रवादी दलका प्रमुख नेताहरुले धेरै सर्वसाधारण जनता किन हामीप्रति सकारात्मक छैनन् त ? भन्ने विषयलाई कहिल्यै पनि गम्भीरतापूर्वक लिन सकेका छैनन्।

त्यसैले गणतन्त्र कहीँबाट खतरा छ भने त्यो गणतन्त्रवादी दलकै केही ठूला भनाउँदा टाउके नेताहरुबाटै छ । राजावादीहरु तथा पूर्वराजाबाट गणतन्त्र खतरामा पऱ्यो भनेर स्याल हुइयाँ मच्चाउनुको कुनै अर्थ छैन । चैत्र १५ को तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनको जतिसुकै विरोध भए पनि सो कार्यक्रममा सहभागी हुन आएका सबै मानिस नेपाली जनता नै हुन्। जे-जस्ता हर्कत भए पनि त्यस दिन गणतन्त्रमाथि आगो झोसिएको चाहिँ सत्य हो।

अब त्यसरी झोसिएको आगो निभाउने हो भने गणतन्त्रवादीहरु आमूलरुपमा रुपान्तरण हुनै पर्छ। आगो निभाउने वा अझैँ डढेलोझैँ फैलाएर गणतन्त्रलाई भष्म पार्ने ? बल गणतन्त्रवादीकै कोर्टमा छ । साँच्चै नै जनता आजित छन् तर घुम्ने मेचमाथि बसेका शासकहरुमा जनता आजित छन् भन्ने चेत घुस्नै सकेको छैन । विश्वमै उन्नत मानिएको भनिएको संघीय लोकतान्त्रिक गणतन्त्र छोटो समयमा नै बदनाम हुन पुगेको वास्तविकतालाई नकार्न सकिँदैन । गणतन्त्र स्थापना भएपछि बनेका सरकार र प्रधानमन्त्रीहरुले जनचाहनालाई लत्याउँदै, भ्रष्टाचारमा लिप्त हुँदै शासन चलाइरहेको आरोप आमजनताबाट खेपिरहेका छन्।

हुन पनि उनीहरुका कार्यकर्ताबाहेक सामान्य जनता नेताहरुबाट खासै खुशी देखिँदैनन् । यद्यपि गणतन्त्रको विकल्प राजतन्त्र कदापि पनि हुन सक्दैन । गणतन्त्रको विकल्प भनेको उन्नत र सुशासनयुक्त गणतन्त्र नै हो । नेपाली जनताले हाम्रा ठालु शासकहरुलाई गत २०७९ सालमा भएको स्थानीय तहको निर्वाचन र त्यसपछि भएको प्रतिनिधिसभाको निर्वाचनमा समेत केही सामान्य धक्का दिएका थिए । मुलुकको राजधानी रहेको काठमाडौं महानगरपालिकाको मेयरमा प्रमुख दलका उम्मेदवारलाई हराएर स्वतन्त्र उम्मेदवारलाई जिताउनु प्रमुख दलप्रति शहरिया बासिन्दाको विद्रोह र धक्का थियो।

त्यसै गरी धरानमा हर्क, धनगढीमा गोपीहरुको जीत पनि त्यस्तै विद्रोह थियो । तर हाम्रा प्रमुख गणतन्त्रवादी दलहरुले केही प्रमुख शहरमा किन नागरिकको तर्फबाट विद्रोह भयो भन्ने विषयलाई गम्भीरतापूर्वक लिएनन् । वास्तवमा स्थानीय तहको निर्वाचमा बालेन, हर्क र गोपीहरुको विजय गणतन्त्रवादी दलहरुका लागि पहिलो धक्का थियो। स्थानीय तहको निर्वाचन भएको केही समयपछिको प्रतिनिधिसभा निर्वाचनमा जनताले अर्को विद्रोह गरी रवि लामिछाने र उनको दल रास्वपालाई एकाएक चौथो दल बनाइदिए।

निर्वाचनमा रविको उदयलाई गणतन्त्र र यसका नेताहरुमाथिको दोस्रो धक्काको रुपमा लिनुपर्ने हुन्छ। गणतन्त्रवादीहरुले तेस्रो धक्काचाहिँ चैत्र १५ को तीनकुने प्रदर्शन र आन्दोलनबाट खाएका छन् । कुनै पनि सचेत नागरिकले राजावादीको सो कार्यक्रममा भएका हिंसात्मक घटना, लुटपाट र आगजनीलाई राम्रो मान्न सक्दैनन् । तर एउटा कुराचाहिँ स्पष्टसँग स्वीकार गर्नै पर्छ कि तीनकुनेमा लागेको आगो त त्यसै दिन निभ्यो तर गणतन्त्रमाथि आगो झोस्ने काम पनि त्यही दिनबाट शुरु भयो भन्दा अत्युक्ति नहोला।

नेपाली जनताले गणतन्त्रवादी दलहरुलाई स्थानीय तहको निर्वाचन र प्रतिनिधिसभाको निर्वाचनमार्फत् नै केही ठाउँमा विद्रोह गरी सच्चिने मौका दिएका हुन्। तर दल र हाम्रा शासकहरु सच्चिएनन् । फलस्वरुप पूर्वराजा र राजावादीहरु सल्बलाए । यसरी राजाको कार्यक्रममा हजारौं मानिस सहभागी भएर राजसंस्था चाहियो भन्ने वातावरण कसले सिर्जना गऱ्यो ? तत्कालीन राजाले नारायणहिटी छोडेर नागार्जुन जाँदा उनको पक्षमा बोलिदिने व्यक्तिहरु खासै थिएनन् । त्यसपछि राजा विभिन्न कामले जिल्लाहरुमा भ्रमण गर्दा उहाँसँग मुस्किलले १०-१५ जना मानिसहरु पनि हुँदैनथे।

तर गणतन्त्रका शासकहरुमा देखिएको भ्रष्टाचारी, स्वार्थी र लोभी प्रवृत्तिका कारण निराश भएका कैयौँ नागरिकले विकल्पका रुपमा फेरि राजा चाहिन्छ भन्न थालेका छन् । यसलाई नजरअन्दाज गर्न मिल्दैन । राजावादी र पूर्वराजाले जनतामा देखिएको निराशालाई आफ्नो पक्षमा पार्न खोज्नु स्वाभाविक पनि हो । तर गणतन्त्रवादीहरुले शासन सञ्चालन गर्दा विधि, पद्धति अपनाएर व्यवस्थित प्रणाली स्थापना गर्न सकेको भए, सुशासन दिन सकेको भए, विकास र समृद्धिका साथै जनताका गाँस, बास, कपास, स्वास्थ्य, शिक्षाको अवस्थामा सुधार ल्याउन सकेको भए आज राजावादीहरु यसरी सलबलाउने अवस्था नै आउँदैनथ्यो।

उनीहरुले हिम्मत नै गर्दैनथे । यही मौका छोपी राजावादीहरुले चैत्र १५ मा काठमाडौंको मुटुको रुपमा रहेको तीनकुने क्षेत्रमा नै गणतन्त्रमाथि आगो झोस्ने काम गरेका हुन् । जनताले पटक-पटक सच्चिने मौका दिँदा पनि समयमा नै नसच्चिँदा गणतन्त्रवादीहरुले बारम्बार धक्का खाइरहेका छन्।

अझैँ केही बिग्रिएको छैन । गणतन्त्रका सञ्चालकहरु बिचौलिया र माफियाबाट मुक्त हुन सक्नुपर्छ। हरेक नीति, कार्यक्रम र योजना बनाउँदा जनतालाई केन्द्रविन्दुमा राखेर बनाउनुपर्छ, नकि बिचौलिया र माफियाको हित हेरेर। यदि शासकहरुले यस्तो चरित्रको विकास गर्न सकेनन् र भ्रष्ट चरित्रलाई यथावत् राख्दै जनताको भावनालाई कुल्चने प्रयास गरे भने तीनकुनेमा लागेको गणतन्त्रमाथिको आगोले डढेलोको रुप लिन सक्ने र त्यसले गणतन्त्रका सञ्चालकहरुलाई मात्रै नभएर गणतन्त्रलाई नै भष्म पार्न सक्ने जोखिम नआउला भन्न सकिँदैन। आगे शासकहरुकै मर्जी।

समाचारपत्रबाट

# गिजाबाट रगत आउने ५ कारण र रोकथामका ६ उपाय

समृद्धि गजमेर



सामान्यत दाँतको वरपरको मासुलाई गिजा भनिन्छ । आझभोलि गिजाबाट रगत आउने समस्या धेरैनै देखिएको छ। २०२२ मा गरिएको नर्वे अनुसन्धानका अनुसार ३० वर्ष भित्र का मनिषहरुमा ५ मध्य ४ लाई गिजाबाट रगत आउने समस्या देखिएको छ।

**किन आउँछ गिजाबाट रगत ?**

**१.नियमित दाँत सफा नगर्नु**

हाम्रो मुखामा धेरै किसिमका जीवाणु हुन्छन् । जसमध्ये प्रोफाइनोमस इन्डोडेन्टल्स, ट्रेपोनेमा डेन्टिकोला र फ्रेटिब्याक्टेरियम एसपीपीहरू गिजासम्बन्धी रोगमा धेरै पाइएको छ। दाँत सफा नगर्दा यस्ता जीवाणुहरु सक्रिय हुने गर्छन् । जसले गर्दा गिजा सुन्निने गर्छ र रगत आउने समस्या देखिन्छ।

**२. कडा ब्रस र धेरै बलको प्रयोग**

हामीले ब्रस त गर्छौं, तर कस्तो ब्रस प्रयोग गर्नुपर्छ ख्याल गर्दैनौं । गिजाको छाला पातलो हुने भएकोले कडा ब्रस र धेरै बल प्रयोग गर्दा गिजाको छालामा घाउ हुने र रगत आउने समस्या देखिन सक्छ।

**३.आहारमा भिटामिनको कमी**

हामीले खाने आहारमा सही मात्रामा भिटामिन नपुग्दा यसको कमीले आउने गिजासम्बन्धी समस्या निम्तिने गर्छ।

**४. वंशाणुगत रोग**

शरीमा हुने वंशाणुगत रोग जस्तै हेमोफिलिया , वन विलब्रान्ड डिजिज दिले पनि गिजाबाट रगत आउने समस्या निम्ताउन सक्छ।

**५. नियमित औषधि सेवन**

मुटुका बिरामीलाई रगत पातलो गराउन प्रयोग हुने औषधि सेवनले गर्दा गिजाबाट रगत आउने समस्या देखिन सक्छ।

**रोकथामका उपाय**

**१. मौखिक स्वास्थ्यमा ध्यान**

स्वस्थ्य मुख, स्वस्थ शरीर। त्यसैले खाना खाएपछि नियमित ब्रस गर्ने बनि बसाल्नुपर्छ। दुई दाँतको बिचको फोहोर सफा गर्न डेन्टल फ्लसको प्रयोग गर्नुपर्छ।

**२.नरम ब्रस र सही मात्रामा बल प्रयोग**

ब्रस गर्दा नरम ब्रस प्रयोग गर्ने गर्नुपर्छ। ब्रसको माथिल्लो भागलाई ब्रसिङ सरफेस भनिन्छ। ब्रस गर्दा यो भाग आधि दाँत र आधि गिजामा पर्ने गरेर राख्नु पर्छ । ब्रस गर्ने भन्दैमा धेरै बल र समय नलगाउने।

**३. गिजाको मसाज**

धेरैलाई गिजाको मसाजबारे थान नहुन सक्छ। ब्रस गरेपछि सफा औंलाले गिजालाई मसाज गर्न सकिन्छ। यसोगर्दा गिजामा रगत को प्रवाह बढ्छ र रगत आउने समस्या कम हुँदै जान्छ।

**४. भिटामिनको प्रयोग**

भिटामिन सि र के बढी मात्रामा पाइने खाने कुराहरुको सेवन गर्ने।

**५. डेन्टल चेकअप**

६ महिनामा एकचोटी आफ्नो दाँत सफा गर्न डेन्टल भिजिट गर्ने।

**६. चिकित्सकको सल्लाह**

शरीरमा कुनै वंशाणुगत रोग भए/नभएको, आफूले खाने औषधिले गर्दा गिजाबाट रगत आएको बारे जानकारी लिन चिकित्सकलाई देखाउनुपर्छ। स्वास्थ्य खबरबाट

**गभर्नर...**

उनले अहिले राष्ट्र बैंकको गभर्नर बनाउन बिचौलियाहरू सक्रिय भएको सुनिरहेको बताए।

'अहिले हामी सबैले सुन्दैछौँ एउटा कुरा- हुँदा हुँदा राष्ट्र बैंकको गभर्नर बनाउन पनि बिचौलियाहरू चलखेल गर्दैछन्। त्यो हो भने म त वार्न गर्दछु सरकारलाई,' उनले भने- 'यस्तो भए सरकारको लागि त दुर्भाग्य हुन्छ नै। नेपालको लागि नै दुर्भाग्य हुन्छ। यो अत्यन्त गम्भीर विषय हो।

देशको अर्थतन्त्रसँग यसरी खेल्ने, मजाक गर्ने अधिकार उहाँहरू कसैलाई पनि छैन। त्यसपछि उहाँहरूले के भन्नुभयो भने हामी सुशासन दिन्छौँ, भ्रष्टाचार न्यूनीकरण गर्छौं भन्नुभयो। सुशासन कस्तो अवस्थामा छ, मैले भनिरहनु पर्दैन। औचित्य हामीले सावित गर्न सकिरहेका छैनौँ। उपायहरू छ त्यसको लागि राजनीतिक इच्छाशक्ति नेताहरूमा, नेतृत्वमा हुनुपर्छ। राजनीतिक इच्छाशक्ति भयो भने गर्न सकिन्छ, हामी सक्छौँ। के नेपाललाई बनाउन सकिँदैन ? नेपाललाई बनाउन सकिन्छ। अहिले युवाहरू पलायन भइरहेका छन्।'

**पोखरा...**

२२ अर्ब रुपैयाँबाट नै सबै काम हुनुपर्नेमा विमानस्थलमा वातानुकूलित एसी जडानका लागि मात्रै साढे ७ लाख अमेरिकी डलर अतिरिक्त भुक्तानी भएको भेटिएको छ।

उपसमितिले प्राप्त गरेको विवरणमा अतिरिक्त खर्च भनेर करिब २ अर्ब रुपैयाँ बढी भुक्तानी भएको भेटिएको छ।

चिनियाँ ठेकेदारले विमानस्थल निर्माण गर्नुअघि तोकिएअनुसार माटोको तह नथपी करिब ३० फिट होचो बनाएको प्रारम्भिक निष्कर्ष छ। नेपालले चिनियाँ एक्जिम बैंकलाई ब्याजवापत मात्रै वार्षिक ८४ करोड रुपैयाँ तिर्नुपर्छ।

**८ महिनामा...**

'अहिले सबैमा करबारे बुझाउनु पर्छ। करको दायरामा जानु पर्छ भन्ने भावना आम नागरिकमा देखिएकाले पनि सबैमा करको सचेतना बढ्दै गएकोले राजस्व संकलनमा सुधार भएको हो।'-

उनले भने। राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्र रूपन्देहीको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको ५ देखि १७ सम्म, देवदह नगरपालिकाको-१, २, ३, ४, ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैँडहवा, कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतिया, रोहिणी, सम्मरीमाई र सियारी गाउँपालिका रहेका छन्।

# वायु प्रदूषण नियन्त्रणमा आवश्यक कदम चाल्न आह्वान

काठमाडौँ। विगत केही दिनदेखि काठमाडौँ उपत्यकालगायत देशका अन्य भागमा वायु प्रदूषणको अवस्था गम्भीर बन्दै गएको भन्दै त्यसको नियन्त्रणमा तत्काल आवश्यक कदम चाल्न आह्वान गरिएको छ।

वातावरणसँग सम्बन्धित विभिन्न संस्थाहरूले आइतबार संयुक्त विज्ञप्तिमार्फत् वन क्षेत्रमा लागेको डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय, सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्न आग्रह गरेका छन्।

नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष चन्द्रशेखर कार्की, प्रकृति रिसोर्सेज सेन्टरका कार्यकारी निर्देशक राजु पण्डित क्षेत्री, स्वच्छ ऊर्जा नेपालका महासचिव राजन पराजुली, अभ्नी भेन्चर्सका निर्देशक सिलसिला आचार्य र वातावरणविद् भुषण तुलाधरले विज्ञप्तिमार्फत् उपत्यकामा धुवाँ फाल्दै कुद्ने सवारीलाई तत्काल रोक लगाउनुपर्ने, धुलो लिएर उपत्यकामा भित्रने सवारीसाधनलाई रोक लगाउनुपर्ने आह्वान गरेका हुन्।

उनीहरूले वायु प्रदूषण स्तरमा सुधार नहुञ्जेलसम्मका लागि उपत्यकाका विद्यालयहरू बन्द गर्नुपर्ने, फोहोरमैला तथा कृषिजन्य अवशेषहरू जलाउने कार्यमा तत्काल रोक लगाउनुपर्ने, स्वास्थ्य जोखिमबाट जोगिनका लागि मास्क लगाउन अनिवार्य गर्नुपर्नेलगायत सुझाव दिएका छन्।

प्रदूषणमापन केन्द्रहरूले देखाएको आँकडाअनुसार काठमाडौँको हावा सास फेर्नका लागि अस्वस्थ्य छ। हाल काठमाडौँको हावामा कार्बन मोनोक्साइड, ब्ल्याक कार्बन, ओजोन तथा मसिना हानिकारक कणहरू (पिएम दुई दशमलव पाँच)को मात्रा धेरै रहेको छ।

सरकारबाट स्वीकृत वायु गुणस्तर सूचकाङ्कअनुसार शून्यदेखि ५० हुँदा राम्रो, ५१ देखि १०० हुँदा मध्यम, १०१ देखि १५० हुँदा संवेदनशील समूहका लागि अस्वस्थ, १५१ देखि २०० अस्वस्थ, २०१ देखि ३०० निकै अस्वस्थ तथा ३०१ भन्दामाथि भएमा खतरनाक तह पुगेको सङ्केत गर्दछ। आइतबारको तथ्याङ्कअनुसार काठमाडौँको हावाको गुणस्तर (एयर क्वालिटी इन्डेक्स, एक्युआई) १७९ देखिएको छ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार विगत ९० दिनमा ७५ दिन काठमाडौँको वायु गुणस्तर हानिकारक देखिएको छ। कचौरा आकारको काठमाडौँ उपत्यका विश्वमै वायु प्रदूषणको जोखिममा रहेका प्रमुख सहरहरूमध्ये पर्दछ।

यसैगरी वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले विगत केही दिनदेखि मुलुकका विभिन्न क्षेत्रहरूमा लागेको डढेलोलगायत कारणले वायु प्रदूषण बढेको जनाएको छ। यसबाहेक उद्योग कलकारखाना र सवारीसाधनबाट निष्कासन हुने धुवाँ, खुल्ला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउने, घरबाट निस्कने धुवाँ, सडक तथा निर्माणकार्यबाट उड्ने धुलो पनि वायु प्रदूषणका कारक रहेका छन्।

विशेषगरी चैत, वैशाख र जेठ महिना डढेलो लाग्ने याम रहेको र वर्षा नभएसम्म वायु प्रदूषण उच्च रहने सक्ने सम्भावना छ। वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेष गरी बालबालिका, वृद्धवृद्धा एवं श्वास प्रश्वास र मुटुका बिरामी, गर्भवती महिलाहरूलाई बढी प्रभाव पार्ने भएकाले यस्तो बेला विशेष सावधानी अपनाउनु हुन विभागले अनुरोध गरेको छ।

विभागले वन डढेलो लगाउने कार्य सार्वजनिक अपराध भएकाले यस्तो कार्य नगर्न, घरायसी ठोस फोहोर, प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन, सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न, सडक तथा निर्माणकार्यबाट उड्ने धुवाँ धुलोको यथोचित नियन्त्रण गर्न आग्रह गरेको छ।


# स्वाभिमान लघुवित्त वित्तिय संस्था लिमिटेड

## तिलोत्तमा-५, मणिग्राम, रुपन्देही

### २०८१ साल आषाढ मसान्तको वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस बर्ष रु | गत बर्ष रु |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | १५३,४४५,५०९.०० | १४६,१३८,५८०.०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ४७,४४५,६५८.७३ | ५३,१७६,९२२.४४ |
| ३. ऋणपत्र तथा बण्ड | ४.३ | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | १,५७२,०४१,१५२.३२ | १,४२५,०९६,१८९.७१ |
| ५. निक्षेप दायित्व | ४.५ | ६९४,८१६,४६७.०७ | ६७१,३४६,७३६.६१ |
| ६. प्रस्तावित नगद लाभांश | | ३८४,५७५.२१ | – |
| ७. आयकर दायित्व | | – | – |
| ८. अन्य दायित्व | ४.६ | २८,३८१,४४५.५६ | ३१,४५८,३३९.३१ |
| **कुल पूँजी तथा दायित्व** | | **२,४९६,५१४,८०७.८९** | **२,३२७,२१६,७६८.०७** |

| सम्पत्ति | अनुसूची | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | ३,१९६,५२२.०३ | २,८१८,०१५.८४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | – | – |
| ३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | १३२,०५६,१५७.१६ | २२१,००८,४७७.०० |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | | |
| ५. लगानी | ४.८ | १,५००,०००.०० | १,५००,०००.०० |
| ६. कर्जा सापट | ४.९ | २,३०७,४७८,३०५.९१ | २,०४४,७९९,६७८.४४ |
| ७. स्थिर सम्पत्ति | ४.१० | २७,५८७,२०६.५२ | २८,३३२,२६३.४८ |
| ८. गैर-बैंकिङ्ग सम्पत्ति | ४.११ | – | – |
| ९. अन्य सम्पत्ति | ४.१२ | २४,६९६,६१६.२७ | २८,७५८,३३३.३१ |
| **कूल सम्पत्ति** | | **२,४९६,५१४,८०७.८९** | **२,३२७,२१६,७६८.०७** |

### मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | यस बर्ष रु | गत बर्ष रु |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | ३१५,४६०,५१३.८१ | ३०९,९२५,४९२.६१ |
| २. ब्याज खर्च | ४.१५ | २१०,९६६,४६५.९५ | २१३,४७६,९७४.४७ |
| **खूद ब्याज आम्दानी** | | **१०४,४९४,०४७.८६** | **९६,४४८,५१८.१४** |
| ४. कमिशन तथा अन्य संचालन आम्दानी | ४.१६ | २५,५४७,१८६.४३ | २४,१२२,१११.५४ |
| ५. सटही घटबढ आम्दानी | | – | – |
| **कूल सञ्चालन आम्दानी** | | **१३०,०४१,२३४.२९** | **१२०,५७०,६२९.६८** |
| ६. कर्मचारी खर्च | ४.१७ | ७७,९७९,०४९.९३ | ७२,५४४,१७७.३७ |
| ७. अन्य सञ्चालन खर्च | ४.१८ | २५,२५६,००४.३७ | २६,७३४,९८५.०४ |
| ८. सटही घटबढ नोक्सान | | – | – |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | | **२६,८०६,१७९.९९** | **२१,२९१,४६७.२७** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | ६६,८९५,३७६.०० | ८३,४३५,७८२.८६ |
| **सञ्चालन मूनाफा** | | **(४०,०८९,१९६.०१)** | **(६२,१४४,३१५.५९)** |
| १०. गैर-संचालन आम्दानी/खर्च | ४.२० | – | – |
| ११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | **४.२१** | ४४,०५९,२१८.९९ | ७७,६६६,९३७.७६ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **३,९७०,०२२.९८** | **१५,५२२,६२२.१७** |
| १२. असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | **४.२२** | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खूद मूनाफा** | | **३,९७०,०२२.९८** | **१५,५२२,६२२.१७** |
| १३. कर्मचारी बोनस व्यवस्था | | ३९७,००२.३० | १,५५२,२६२.२२ |
| १४. आयकर व्यवस्था | | १,२१३,८५४.६२ | ४,८११,१९५.५४ |
| • यस बर्षको कर ब्यबस्था | | १,१६२,०८४.९१ | ४,४२८,५६०.०१ |
| • विगत वर्षसम्मको कर व्यवस्था | | – | – |
| • यस बर्षको स्थगन कर आम्दानी/खर्च | | ५१,७६९.७१ | ३८२,६३५.५३ |
| **खूद नाफा/नोक्सान** | | **२,३५९,१६६.०६** | **९,१५९,१६४.४१** |

### नगद प्रवाह विवरण मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म

| क.सं. | विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| (क) | **कारोवार सञ्चालनबाट नगद प्रवाह** | **(८८,९१९,९४५.०५)** | **१२४,७६६,६००.७८** |
| १. | **नगद प्राप्ति** | **३८५,०६६,९१९.२३** | **४११,७१४,५४१.९१** |
| १.१ | ब्याज आम्दानी | ३१५,४६०,५१३.८१ | ३०९,९२५,४९२.६१ |
| १.२ | अपलेखित कर्जा असूली | – | – |
| १.३ | कमिशन तथा अन्य आम्दानी | ६९,६०६,४०५.४२ | १०१,७८९,०४९.३० |
| २. | **नगद भुक्तानी** | **(३८२,७०७,७५३.१७)** | **(४०२,५५५,३७७.५०)** |
| २.१ | ब्याज खर्च | (२१०,९६६,४६५.९५) | (२१३,४७६,९७४.४७) |
| २.२ | कर्मचारी खर्च | (७७,९७९,०४९.९३) | (७२,५४४,१७७.३७) |
| २.३ | कार्यालय संचालन खर्च | (२५,२५६,००४.३७) | (२६,७३४,९८५.०४) |
| २.४ | आयकर भुक्तानी | (१,२१३,८५४.६२) | (४,८११,१९५.५४) |
| २.५ | अन्य खर्च | (६७,२९२,३७८.३०) | (८४,९८८,०४५.०८) |
| | **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **२,३५९,१६६.०६** | **९,१५९,१६४.४१** |
| | **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(२५८,६१६,९१०.४३)** | **२०,१८०,६९७.५५** |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | – | – |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | – | (९९९,१७९.८४) |
| ३. | कर्जामा कमी/(वृद्धि) | (२६२,६७८,६२७.४७) | २२,९९९,५१३.०९ |
| ४. | अन्य सम्पत्तिमा कमी/(वृद्धि) | ४,०६१,७१७.०४ | (१,८१९,६३५.७०) |
| | **सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि** | **१६७,३३७,७९९.३२** | **९५,४२६,७३८.८२** |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | २३,४६९,७३०.४६ | ३,३३०,९९६.२९ |
| २. | अल्पकालीन सापटीमा (कमी)/वृद्धि | १४६,९४४,९६२.६१ | ९७,३११,४०५.९९ |
| ३. | अन्य दायित्वमा (कमी)/वृद्धि | (३,०७६,८९३.७५) | (५,२१५,६६३.४६) |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | **७४५,०५६.९६** | **१७३,०६५.५२** |
| १. | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | – | – |
| २. | स्थीर सम्पत्तिमा कमि/(वृद्धि) | ७४५,०५६.९६ | १७३,०६५.५२ |
| ३. | दीर्घकालीन लगानीमा ब्याज आम्दानी | – | – |
| ४. | लाभांश आम्दानी | – | – |
| ५. | अन्य | – | – |
| (ग) | **वित्तिय श्रोत कारोवारमा नगद प्रवाह** | **(३९८,९२५.५६)** | **(१,९७५,५९२.२२)** |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेञ्चर आदि) मा वृद्धि/(कमी) | – | – |
| २. | शेयर पूँजीमा वृद्धि/(कमी) | ७,३०६,९२९.०० | – |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | (७,७०५,८५४.५६) | (१,९७५,५९२.२२) |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पूरनकर्जामा वृद्धि/(कमी) | – | – |
| (घ) | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी/खर्च** | – | – |
| (ङ) | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(८८,५७३,८१३.६५)** | **१२२,९६४,०७४.०८** |
| (च) | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **२२३,८२६,४९२.८४** | **१००,८६२,४१८.७६** |
| (छ) | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१३५,२५२,६७९.१९** | **२२३,८२६,४९२.८४** |

### पूँजीकोष तालिमका २०८१ साल आषाढ मसान्त

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| **(क) प्राथमिक पूँजी** | **१९८,४४४,५९८.४५** | **१९६,२८५,७७१.५५** |
| १) चुक्ता पूँजी (साधारण शेयर) | १४६,१३८,५८०.०० | १४६,१३८,५८०.०० |
| २) प्रस्तावित बोनस शेयर | ७,३०६,९२९.०० | – |
| ३) शेयर प्रिमियम | – | – |
| ४) फिर्ता नहूने अग्रधिकार शेयर | – | – |
| ५) साधारण जगेडा कोष | ३७,३२८,६३१.३९ | ३६,८५६,७९८.१८ |
| ६) सञ्चित नाफा/(नोक्सान) | ७,७२२,२२७.७७ | १३,४१९,०९३.७४ |
| ७) वासलातमा देखाइएको चालू आ.ब.को नाफा(नोक्सान हिसाबको रकम | – | – |
| ८) पूँजी फिर्ता जगेडा कोष | – | – |
| ९) पूँजी समायोजन कोष | – | – |
| १०) कल्स इन एडभान्स | – | – |
| ११) अन्य स्वतन्त्र कोषहरु | – | – |
| **घटाउने:** | **५१,७६९.७१** | **१२८,७००.३७** |
| - ख्याति (Goodwill) वापतको रकम | – | – |
| - स्थगन कर सम्पत्ति | ५१,७६९.७१ | १२८,७००.३७ |
| - सीमा भन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम | – | – |
| - वित्तीय स्वार्थ रहेको कम्पनीको धितो पत्रमा गरेको रकम | – | – |
| - अवास्तविक सम्पत्ति | – | – |
| - यस बैकको निर्देशन पालना नगरी स्वप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम | – | – |
| - प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेको ब्यक्ति तथा समुहहरुलाई प्रदान गरेको कर्जा तथा सुविधाहरु | – | – |
| **(ख) पुरक पूँजी** | **७,४११,४४४.१०** | **६,८९०,८६९.९१** |
| १) सकृय कर्जाको लागी गरिएको कर्जा नोक्सानी व्यवस्था | ७,४११,४४४.१० | ६,८९०,८६९.९१ |
| २) अतिरिक्त कर्जा नोक्सानी ब्यवस्था | – | – |
| ३) हाइब्रिड पूँजी उपकरणहरु | – | – |
| ४) सूरक्षण नराखिएको सहायक आवधिक ऋण | – | – |
| ५) सटही समीकरण कोष | – | – |
| ६) सम्पत्ति पुर्नमुल्याङ्कन कोष | – | – |
| ७) लगानी समायोजन कोष | – | – |
| **(ग) जम्मा पूँजीकोष (क+ख)** | **२०५,८५६,०४२.५५** | **२०३,१७६,६४१.४६** |
| **(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष** | | |
| पूँजीकोष (८.०० प्रतिशत) | १९८,३७६,१४४.८० | १७६,९६९,१२०.८० |
| प्राथमिक पूँजी (४.०० प्रतिशत) | ९९,१८८,०७२.४० | ८८,४८४,५६०.४० |
| पूँजीकोष (अधिक/न्यून) ०.३० प्रतिशतले | ७,४७९,८९७.७५ | २६,२०७,५२०.६६ |
| प्राथमिक पूँजी (अधिक/न्यून) ४.०० प्रतिशतले | ९९,२५६,५२६.०५ | १०७,८०१,२११.१५ |

### जोखिम भारित सम्पत्ति विवरण तालिमका २०८१ साल आषाढ मसान्त

(रु.हजारमा)

| वासलात बमोजिमका सम्पत्ति On Balance - Sheet Assets | भार | यस वर्ष रकम | यस वर्ष जोखिम भारित सम्पत्ति | गत वर्ष रकम | गत वर्ष जोखिम भारित सम्पत्ति |
|---|---|---|---|---|---|
| नगद मौज्दात | ०% | ३,१९६.५२ | – | २,८१८.०२ | – |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ०% | – | – | – | – |
| नेपाल सरकारको सूरक्षणपत्रमा गरिएको लगानी | ०% | – | – | – | – |
| नेपाल राष्ट बैंकको ऋणपत्रमा गरिएको लगानी | ०% | – | – | – | – |
| आफ्नै मुद्दती रसिदको धितोमा पुर्ण सरक्षित हुने गरी प्रदान गरिएको रसिद धितो कर्जा | ०% | – | – | – | – |
| सरकारी सूरक्षणपत्रको धितोमा पुर्ण सरक्षित हुने गरी प्रदान गरिएको कर्जा | ०% | – | – | – | – |
| सरकारी सूरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी(Claim) | २०% | १३२,०५६.१६ | २६,४११.२३ | २२१,००८.४८ | ४४,२०१.७० |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call ) | २०% | – | – | – | – |
| अन्तर बैंक / संस्थासापटी | २०% | | | | |
| शेयर, डिबेन्चर एवंम बण्डमा भएको लगानी | १००% | – | – | – | – |
| अन्य लगानीहरू | १००% | १,५००.०० | १,५००.०० | १,५००.०० | १,५००.०० |
| कर्जा, सापट (कूल रकम) | १००% | २,३५३,९४९.६२ | २,३५३,९४९.६२ | २,०६८,४३४.८४ | २,०६८,४३४.८४ |
| स्थिर सम्पत्तिहरु | १००% | २७,५८७.२१ | २७,५८७.२१ | २८,३३२.२६ | २८,३३२.२६ |
| पाउनुपर्ने अन्य खूद ब्याज रकम(कूल पाउनूपर्ने ब्याज- सरकारी ऋणपत्र तथा बचतपत्रको ब्याज- ब्याज मल्तबी) | १००% | – | – | – | – |
| अन्य सबै सम्पत्तिहरु (खूद अग्रीम कर दाखिला बाहेक) | १००% | १९,४९८.०० | १९,४९८.०० | २२,७४८.३७ | २२,७४८.३७ |
| **क) जम्मा** | | **२,५३७,७८७.५१** | **२,४२८,९४६.०६** | **२,३४४,८४१.९७** | **२,१६५,२१७.१७** |
| **(ख) वासलात बाहिरको कारोवार (Off-Balance Sheets Items)** | | | | | |
| जमानत | ०% | – | – | – | – |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १००% | – | – | – | – |
| आयकर वापत सम्भावीत दायित्व | १००% | – | – | – | – |
| Aceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १००% | – | – | – | – |
| चुक्ता वा भूक्तानी हून बाकी शेयर लगानी | १००% | | – | | – |
| भुक्तानीका लागि दावी परेको जामनत | २००% | – | – | – | – |
| संस्थाउपर दाबी परेको तर संस्थाले दायित्व स्विकार नगरेको दायित्वहरु | २००% | – | – | – | – |
| संचालन जोखिम वापतको कायम गनूपर्ने रकम (कूल सम्पत्तिको २% ) | १००% | ५०,७५५.७५ | ५०,७५५.७५ | ४६,८९६.८४ | ४६,८९६.८४ |
| **(ख) जम्मा** | | **५०,७५५.७५** | **५०,७५५.७५** | **४६,८९६.८४** | **४६,८९६.८४** |
| **कूल जोखीम भारित सम्पत्ति (क) + (ख)** | | **२,५८८,५४३.२६** | **२,४७९,७०१.८१** | **२,३९१,७३८.८१** | **२,२१२,११४.०१** |

### प्रमुख सूचकाङ्क कम्तीमा विगत ५ वर्षको परिसुचकहरु

| क्र.स. | विवरण | सूचाङ्क | आ. व. २०८०/०८१ | आ. व. २०७९/०८० | आ. व. २०७८/०७९ | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| १ | खूद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ०.६९ | २.७४ | १३.०५ | २३.४१ | ११.७३ |
| २ | प्रति शेयर आम्दानी | रु. | १.५४ | ६.२७ | २७.६२ | ४२.९९ | २३.७९ |
| ३ | प्रति शेयर बजार मुल्य | रु. | १,१५०.०० | १,१५०.०० | १,५६१.२० | २,५०८.०० | ९८०.०० |
| ४ | मुल्य आम्दानी अनूपात (PE Ratio) | अनुपात | ७४६.७५ | १८३.४१ | ५६.५२ | ५८.३४ | ४१.१९ |
| ५ | शेयर पूंजीमा लाभांश (बोनस सहित) | प्रतिशत | ५.२६ | ( | २१.०५ | ३४.०० | २१.०५ |
| ६ | शेयर पूंजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | ०.२६ | – | १.०५ | १.७० | १.०५ |
| ७ | ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १४।९९ | १४।९८ | १४।९९ | १४.९३ | १४.३९ |
| ८ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | १९।१८ | १७।२६ | २२।५१ | १२.५१ | १९.५७ |
| ९ | कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ३०।८८ | ३१।८८ | २५।८४ | १७.४९ | २८.०३ |
| १० | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | – | – | – | ०.०० | – |
| ११ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ०.५१ | २.१४ | १०.१२ | १८.८१ | ९.६७ |
| १२ | खूद नाफा /कर्जा सापट | प्रतिशत | ०.११ | ०.४४ | २.२५ | ४.१४ | २.३९ |
| १३ | खूद नाफा /कुल सम्पत्ति | प्रतिशत | ०.०९ | ०.३९ | १.८१ | ३.०१ | १.९७ |
| १४ | कुल कर्जा/निक्षेप | प्रतिशत | ३३८.७९ | ३०८.१० | ३१२.२२ | २९१.५२ | २७८.८८ |
| १५ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | १६.२९ | १८.०६ | १२.८९ | २०.२८ | १६.६१ |
| १६ | जोखिम भारित सम्पत्तिमा पूंजीकोषको पर्याप्तता | | | | | | |
| | (क) प्राथमिक पूंजी | प्रतिशत | ८.००% | ८.८७% | ८.४६% | ८.६५% | ९.२१% |
| | (ख) पूरक पूंजी | प्रतिशत | ०.३०% | ०.३१% | ०.४९% | ०.७२% | १.२५% |
| | (ग) कुल पूंजी कोष | प्रतिशत | ८.३०% | ९.१८% | ८.९५% | ९.३७% | १०.४६% |
| १७ | तरलता (CRR) | प्रतिशत | ०.५३ | ०.५३ | ०.८१ | ०.५६ | ०.५६ |
| १८ | निष्कृय कर्जा/कुल कर्जा | प्रतिशत | ७.३५ | ४.१९ | १.११ | ०.६८ | ०.९५ |
| १९ | ब्याज दर अन्तर ( Weighted Average Interest Rate Spread) | | ४.७४ | ४.२७ | ६.६० | ८.६० | ७.३६ |
| २० | बूक नेटवर्थ | रु. | १९८,४४४,५९८.४५ | १९६,२८५,७७१.५५ | १८६,११३,९५९.०३ | १४७,०४३,५७८.३६ | १००,०४६,६८१.९० |
| २१ | कुल शेयर | संख्या | १,५३४,४५५।०९ | १,४६१,३८५।८० | १,४६१,३८५।८० | १,२१७,८२१.५० | ९२०,५००.०० |
| २२ | कुल कर्मचारी | संख्या | १९२ | १८८ | १५० | १४४.०० | ११० |
| २३ | अन्य | | – | – | – | – | ० |

# दाउन्नेमा सडक विस्तार गर्न अब २० दिन दैनिक ६ घण्टा बाटो बन्द



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

पूर्वपश्चिम राजमार्गको बुटवल–नारायणगढ सडक खण्डमा पर्ने १४ किलोमिटर दाउन्ने सडक खण्डमा सडक विस्तार गर्न अब २० दिन दैनिक ४ देखि ६ घण्टा बाटो बन्द गरेर काम गरिने भएको छ।

चैत्र २७ गतेदेखि बैशाख १५ गतेसम्म बाटो बन्द गरिने भएको हो।

पहिलो ५ दिने बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म ४ घण्टा र बाँकी १५ दिन राति ११ बजेदेखि बिहान ५ बजेसम्म बाटो बन्द गरेर काम गरिने भएको हो। यहाँ ३ लेनको सडक बन्ने छ।

जसअन्तरगत चैत्र २७ गतेदेखि ३१ गतेसम्म विहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म ४ घण्टा र बैशाख १ गतेदेखि १५ गतेसम्म राति ११ बजेदेखि बिहान ५ बजेसम्म बाटो बन्द हुनेछ।

जसका लागि सडक विभागले सूचना जारी गरी ट्रक, टिप्परलगायत हेब्बी सवारी साधनलाई पूर्वमा अरुणखोला र चोरमारामा रोकिने तथा पश्चिममा ज्यामिरे हकुई खण्डमा रोकिने छ।

त्यसैगरी यात्रुवाहक बस, मिनी बस, जीप कारलगायतका सवारी साधनलाई पूर्वमा दुम्किबासमा र पश्चिममा बर्दघाट चिसापानीमा रोकिने आइतबार सडक विभागले जारी गरेको सूचनामा जनाइएको छ।

जिल्ला प्रशासन कार्यालय नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेयले सडक विस्तारको काम गरिरहेको चाइना स्टेट कम्पनीले सडकमा गाडीको चाप हुँदा काम गर्न नपाएको भन्दै गुनासो गरेपछि पहिलो ५ दिने दैनिक ४ घण्टाको दरले सवारी आवागमन बन्द गरेर बाटाका खाल्टा खुल्टी पुर्ने र बाटो सम्याउनका लागि समय बताए।

त्यसैगरी बैशाख गतेदेखि १५ गतेसम्म दैनिक राति ६ घण्टा पहाड काट्नका लागि समय दिने गरी निर्यण भएको प्रमुख जिल्ला अधिकारी पाण्डेयले बताए।

ट्राफिक प्रहरी निरीक्षक बन्जाराका अनुसार चैत २७ देखि ३१ गतेसम्म पाँच दिन बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म र बैशाख एक गतेदेखि १५ गतेसम्म राती ११ बजेदेखि बिहान ५ बजेसम्म सवारी साधन रोकेर सडक विस्तारको काम गरिने भएको हो।

यसअघि निर्माण कम्पनीले दैनिक सवारी आवागमन बन्द गरेर काम गर्न माग गरे पनि निश्चित समय भित्र काम सक्ने प्रतिबद्धता नजनाएका कारण प्रशासनले सवारी आवागमन गराउने निर्णय लिन सकेको थिएन। तथापि अहिले पनि निर्माण कम्पनीले कुनै प्रतिबद्धता भने नजनाएको नवलपुरका प्रमुख जिल्ला अधिकारी पाण्डेयले बताए।

पछिल्लो समय दाउन्ने खण्डमा कामले तिब्रता पाए पनि यात्रुले निक्कै सास्ती पाएको र १४ किलोमिटरको दाउन्ने सडक खण्ड पार गर्न १० घण्टासम्म समय लाग्न थालेपछि दुबै जिल्लाका सरोकारवाला छलफलमा जुटेका हुन्। दाउन्ने क्षेत्रमा निर्माण कम्पनीले यात्रुलाई सहज हुने ढंगले भन्दा पनि आफूलाई सजिलो हुने गरी काम गर्दा यात्रुले सास्ती पाएका छन्।

दाउन्नेमा सडक विस्तार गरिने ३ लेनमा १ लेन बराबरको डाँडा काट्नु पर्ने पर्दछ। जसमध्ये पूर्वी खण्डमा डाँडा काट्ने काम लगभग सकिएको र पश्चिम खण्डमा काट्न नपाएका कारण १५ दिनको समय माग गरिएको चाइना स्टेट कम्पनीका पूर्वी खण्डका कन्ट्र्याक म्यानेजर राकेश झाले बताए।

उनका अनुसार आफूहरुले पश्चिम खण्डको डाँडा काट्न १ महिनाको समय माग गरिएको भए पनि पहिलो १५ दिनको काम हरेर मात्र पछि सवारी आवागमन गर्ने मिति थप गर्ने गरी निर्णय भएको हो।

उनले उक्त १५ दिनेमा डाँडा काट्न, बाटो सम्याउने, डबाउनलगायतको काम गरिने बताए। उनले भने – 'दाउन्नेमा लामो जाम हुने गरेको छ। काम गर्ने अवस्था नै सिर्जना भएन त्यसैले सवारी आवागमन बन्द गरेर नै काम गर्नु पर्ने देखियो।

पश्चिम खण्डमा कटिङ्ग गर्नु पर्ने पूर्वी खण्डमा कटिङ्ग अगभग सकिएको छ।

उनले बर्षा अगाडि हिड्नलाई सहज गराउने सकिने तर सडक पक्की ढलान वा पिच गर्ने काम बर्षा अगाडि सक्ने वा नसक्ने भन्ने अवस्था अहिले नै नरहेको बताए।

उनका अनुसार पूर्व खण्डमा रहेका ३१ वटा साना ठूला कल्भर्डहरु मध्ये २३ वटाको काम सकिएको छ भने ठूला २ वटा र साना ६ वटा गरी ८ वटा कल्भर्टको काम बाँकी छ। उक्त कल्भर्डको काम नसकिएसम्म तत्काल बाटो पिच वा ढलानका काम अगाडि नबढ्ने उनले बताए।

उनले भने – '६ वटा साना कल्भर्डको काम एक महिनामा सक्छौं, २ वटा ठूलो कल्भर्ड सक्न अहिले समय लाग्छ।'

१४ किलोमिटर दाउन्ने सडक खण्डमध्ये पूर्वमा करिब ६ किलोमिटर सडक रहेको छ भने पश्चिममा करिब ९ किलोमिटर सडक रहेको छ। ति मध्ये पश्चिममा बर्दघाटबजारदेखि दाउन्नेको खुर्सानी खोलाको ३ किलोमिटर सडक कालो पत्रे भएको छ।

पश्चिम खण्डका आयोजना प्रमुख शशांक मिश्रले गाडीको चाप बढी भएकोले काम गर्न नसकिएको बताए। उनले भने–'मान्छे र उपकरण लगाएर काम गरेका छौं, तर रिजल्ट आउने गरी काम गर्न सकिएको छैन।'

उनले १५ दिनभित्र जनशक्ति र उपकरण बढाएर काम गराएर भए पनि डाँडा कटानको काम सक्ने दाबी गरे। पश्चिम खण्डमा रहेका ७२ वटा कल्भर्डहरुमध्ये ठूलो २ वटा र साना ३ वटा कल्भर्डको काम बाँकी रहेको उनले बताए।

पानी पर्ना साथ पहिरो गई हाल्ने खाले दाउन्नेको संरचना भएको कारण पनि काम गर्न गाह्रो भएको उनले जनाए।

६ घण्टामा धेरै काम निकाल्ने गरी काम गर्छौं। उनले पश्चिम खण्डको ९ किलोमिटर मध्ये ७ किलोमिटर कालोपत्रे र ढलान सक्ने गरी काम अगाडि बढाउने दाबी पनि गरे। भने बाँकी रहेको २ किलोमिटर सडक खाल्डाखुल्टी रहित बनाउने जानकारी दिए।

# कुलमान पुनर्बहालीको माग गर्दै प्रदर्शन




बुटवल। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देश कुलमान घिसिङको पुनर्बहालीको माग गर्दै काठमाडौँमा विरोध प्रदर्शन भएको छ।

कुलमान घिसिङ पुनर्वहाली संयुक्त आन्दोलन परिचालन समिति र तामाङ समुदाय सम्बध विभिन्न संगठनहरुले आइतबार माइतीघरमण्डलामा प्रदर्शन गरेका हुन्।

घिसिङलाई 'उज्यालो नेपालका नायक'को संज्ञा दिँदै प्रदर्शनकारीहरूले अपमानजनकरुपमा गरिएको बर्खास्ती फिर्ता लिन समेत माग गरेका छन्।

प्रदर्शनमा 'कुलमान हाम्रो शान हो, देश र जनताको मान हो', 'राम्रो काम गर्नेलाई बर्खास्त गर्ने सरकार मुर्दावाद', 'कुलमान घिसिङलाई बर्खास्त गर्ने निर्णय बन्द फिर्ता गर' लगायत लेखिएका प्लेकार्ड देखाइएको थियो। प्रदर्शनमा कुलमानलाई कार्यकारी राष्ट्रपति बनाउनुपर्ने माग लेखिएका प्लेकार्ड समेत प्रदर्शन गरिएको थियो।

सरकारले गत चैत ११ गते घिसिङलाई हटाउने निर्णय गरेको थियो। त्यसअघि पटक–पटक उनलाई स्पष्टीकरण सोधेको थियो। सरकारलाई असहयोग गरेको भन्दै हटाउनु परेको स्पष्टीकरण सरकारले दिएको छ।

तर, धेरैले राजनीतिक पूर्वाग्रह राखेर घिसिङलाई हटाइएको भन्दै सरकारको आलोचना गरिरहेका छन्।

# महिला लेजेण्ड सीरिज आजदेखि हुँदै

भैरहवा। भैरहवामा सन् २००७ र २००९ खेलेका पूर्व राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला खेलाडीहरुबिच ऐतिहासिक क्रिकेट प्रतियोगिता आज सोमबारबाट सुरु हुँदैछ। 'महिला लेजेण्ड सिरिज' नामकारण गरि दुई दिनसम्म हुने सीरिज क्रिकेटका लागि पूर्व महिला क्रिकेट खेलाडीहरु भैरहवा आएका हुन्।

क्रिकेटमा देशकै लागि योगदान पुऱ्याएका खेलाडीहरु उही उत्साहका साथ १७ वर्षपछि एउटै मैदानमा जम्मा भई मैत्रीपूर्ण खेल खेल्न लागेका हुन्, जसको संयोजन पूर्व खेलाडी नितु थापाले गरेकी हुन्।

रुपन्देहीको कोटहीमाई गाउँपालिकामा रहेको योलो ड्रिकिङ वाटरको आयोजना, मायादेवी, कोटहीमाइ र रुपन्देही क्रिकेट संघ सहकार्यमा सीरिज क्रिकेट गर्न लागिएको थापाले बताइन्।

चैत्र २५ र २६ गते गरी दुई दिनसम्म चल्ने सीरिजमा पूर्व राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला खेलाडीहरुको दुई टिम बनाएर प्रस्पिार्धा हुनेछ। नेपालका लागि पहिलो पटक सन् २००७ र २००९ खेलेका पूर्व राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला खेलाडीहरु प्रतियोगितामा मैत्रीपूर्ण प्रतिस्पर्धा गर्नेछन्, यी खेलाडीहरु १७ वर्षपछि मैदानमा बल र व्याट लिएर जम्मा भएका हुन्।

टी–ट्वान्टी फर्म्याटमा खेलाइने उक्त सीरिज भैरहवा स्थित सिद्धार्थ क्रिकेट रंगशालामा हुँदैछ भने यसको प्राविधिक संयोजन रुपन्देही क्रिकेट संघले गरेको संयोजक थापाले बताइन्। नेपालमा पुरुष लेजेण्ड क्रिकेट हुँदै आए पनि महिला लेजेण्ड नभएकोले प्रभावित भएर पहिलोपटक दुई वटा प्रतियोगिता गर्न लागिएको हो।

प्रतियोगितामा सन् २००७ को राष्ट्रिय टिमका खेलाडीहरु नेरी थापा मगर, नितु थापा, निरा राज उपाध्याय, माया रावत, मधु थापा, सरस्वती लाम्गादे, बिनु बुढा मगर, सुस्मिता चौधरी, अम्बिका, तृष्णा सिंह, ममता थापा, ज्योति कुँवरको एउटा टिम बनाइएको छ। यस्तै, सन् २००९ को टिमका रितु कनौजिया, सोनु खड्का, शोभा आले, रोजी जोशी, सरस्वती चौधरी, खिनाकुमारी थापा, रोजी कडारी, सीता शाही, नीमा महर्जन, करुणा भण्डारीको अर्को टिम बनाइएको छ। केही अपुग खेलाडीहरु स्थानीयस्तरका सहभागी गराइने छ।

# संघीयताविरुद्ध राष्ट्रिय जनमोर्चाको आन्दोलन सुरु




बुटवल। राष्ट्रिय जनमोर्चाले काठमाडौँमासंघीयताविरुद्धआन्दोलन सुरु गरेको छ। आइतबार (चैत २४ गते) राजधानीको शान्तिबाटिमामा जनसभा गरी संघीयता खारेजीका लागि अभियान थालेको हो।

साताब्यापी संघीयताविरुद्ध आन्दोलन कार्यक्रमको सुरुवात गर्दै पार्टीका अध्यक्ष चित्रबहादुर केसीले शासकको कानमा पुग्नेगरी संघीयताविरुद्ध आवाज बुलन्द गर्न आफूहरूले राजधानी केन्द्रित आन्दोलन थालेको बताए।

उनले अन्तरिम संविधानबाट जबर्जस्ती संघीयता लादिएको उल्लेख गर्दै गएको १५/१६ वर्षमा जनतामा धेरै नै जागरण आएको स्पष्ट पारे। 'संघीयता ठीक छैन भन्ने कुरा शासकका कानमा पुऱ्याउन हामीले राजधानी केन्द्रित आन्दोलन सुरु गरेका हौँ,' केसीले भने–'सुरुमा संघीयता जनताको अधिकारका लागि हो भनेर भ्रम दिन सफल भए पनि यो १५/१६ वर्षको अवधिमा जनतामा धेरै नै भ्रम साफ भएको छ।'

उनले पञ्चायत फाल्न ३० वर्ष लागेको, राजतन्त्रविरुद्ध कैयौँ वर्ष संघर्ष गरेर मात्रै राजतन्त्र समाप्त भएको उल्लेख गर्दै संघीयता पनि यही आन्दोलनले खारेज नगरे पनि यो सुरुवात भएको बताए।

'सतीप्रथा एकैपटक हटेको हो ?' केसीले प्रश्न गरे–'पञ्चायत फाल्न ३० वर्ष संघर्ष गर्नुपर्यो। राजतन्त्र फाल्न कत्रो संघर्ष भयो। त्यसकारण संघीयता आजै जान्छ भन्ने होइन। यो त सुरुवात हो। अब जनताले नै यसलाई खारेज गर्छन्।'

अध्यक्ष केसील देशले संघीयता खारेज नगरे संघीयताले देशै खारेज गर्ने दोहोऱ्याए।

उनले संघीयता नेपाललाई खारेज गर्न भारतीय साम्राज्यवादीलाई चाहिएको दाबी गर्दै त्यसको प्रतिनिधित्व नेपालमा तराईका जमिन्दारहरूले गरेको आरोप पनि लगाए।

'तराईलाई एक मधेश एक प्रदेश बनाएर हिमाल र पहाडबाट अलग गर्ने र आत्मनिर्णयको अधिकार दिएर छुट्टिन पाउने व्यवस्थाका लागि संघीयता चाहिएको हो,' केसीले भने–'भारतीय साम्राज्यवादले नेपाललाई नै खारेज गर्न संघीयता बोकायो, तराईका जमिन्दारले यहाँ ल्याए, राजनीतिक दलहरूले दबाब थेग्न सकेनन् र त्यसलाई स्वीकार गरे।' उनले संविधान सभाको अधिकार खोसेर अन्तरिम संविधानमा जबर्जस्ती संघीयता घुसाइएको बताए।

उनले भारतका शासकको उद्देश्य काँकडभिट्टादेखि महेन्द्रनगरसम्मको भू–भाग अलग गरेर कब्जा गर्ने रहेको र युरोपियन युनियनले नेपालमा जातीय राज्य बनाएर विध्वंश मच्चाउन लगानी गरेको स्पष्ट पारे।

अध्यक्ष केसीले सत्तामा बसेका राजनीतिक दलहरूले गरेका भ्रष्टाचार र कुशासनका कारण राजावादीहरू फेरि सल्बलाएको आरोप पनि लगाए। जनताले संघर्ष गरेर रछ्यानमा मिल्काएको राजतन्त्रलाई कुनै पनि बहानामा टाउको नउठाउन पनि उहनले चेतावनी दिए।

उनले भारतीय र अमेरिकी साम्राज्यवादीको हस्तक्षेप बढ्दै गएको भन्दै चिन्ता जाहेर गरे।

राष्ट्रियता र गणतन्त्र जोगाउन संघीयता खारेज गर्नुपर्ने, प्रदेश संरचनामा जाने दुई खर्ब रुपैयाँ शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्ने, स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने तथा भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने केसीको भनाइ थियो।

राजमो उपाध्यक्ष दुर्गा पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव मनोज भट्टले गरेका थिए। कार्यक्रममा विभिन्न जनवर्गीय संगठनका नेताहरूले संघीयताविरुद्ध आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गरेका थिए भने रक्तिम सांस्कृतिक अभियानका कलाकारहरूले जोशिलो गीत तथा नृत्य प्रस्तुत गरेका थिए।

आन्दोलनमा सहभागी हुन विभिन्न जिल्ला तथा प्रवासबाट समेत राजमोका नेता कार्यकर्ताहरू राजधानी आएका छन्।

# कोलीय सहकारीमा चोरी

देवदह। कोलीय देवदह बचत तथा ऋण सहकारी संस्थाको घोडाहा सेवा केन्द्रमा चोरी भएको छ। सहकारीको कार्यालयको झ्याल तोडेर कार्यालय प्रवेश गरी ८ लाख ४३ हजार नगदसहित सहकारीको सीसीटिभी क्यामराको हार्डडिस्क समेत चोरिएपछि देवदह क्षेत्रमा सुरक्षा चुनौती बढेको छ। सहकारीको झ्याल फोडेर कार्यालय प्रवेश गरी भल्टमा राखिएको ८ लाख ४३ हजार ७८९ रुपैयाँ चोरी भएको छ।

सहकारीका मुख्य व्यवस्थापक विनोद पराजुलीले घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको बताए। उनले भल्टमा राखिएको १० लाख रुपैयाँसम्मको इन्सुरेन्स समेत गरिएको हुनाले इन्सुरेन्सको प्रक्रिया पनि अघि बढाइने जनाए।

घटनाबारे जानकारी दिँदै देवदह प्रहरी चौकीका इञ्चार्ज प्रहरी निरीक्षक एक्कबहादुर नेपालीले सहकारीको भल्ट नै फोडेर ठूलो नगद राशी चोरी हुनु गम्भीर घटना भएको बताए। 'हामीले केही व्यक्तिको लोकेशन र कल रेकर्ड समेत अध्ययन गर्दै छौं। वरिपरिका सीसीटिभी क्यामराको फुटेज पनि हेर्छौं,' उनले भने–' घटनालाई प्रहरीले गम्भीर रुपमा लिएको छ, अनुसन्धान प्रक्रिया अघि बढिसकेको छ।' प्रहरीले सहकारीको आर्थिक कारोबार समेत अध्ययन हुने जनाएको छ।

कतिपय सहकारीमा कारोबार बिग्रेको र त्यसलाई मिलाउन पनि चोरीका घटना घटाइने गरेको इतिहास रहेको उल्लेख गर्दै प्रहरीले सहकारीका सञ्चालक समितिका पदाधिकारी र कर्मचारीको आचरण समेत अध्ययन गरिने दाबी गरे। देवदह नगरपालिकाका नगरप्रमुख ध्रुबप्रसाद खरेलले घटना गम्भीर र संशययुक्त भएको बताए।

मुख्य गेट लगाइएको अवस्थामा झ्यालबाट भित्र पसेर चोरी गरिनु र अत्यन्तै मजबुद मानिने भल्ट नै फोरेर रकम निकालिनु सामान्य विषय नभएको भन्दै उनले यो योजनाबद्ध रुपमा गरिएको डकैति भएको जनाए।

'यस्ता घटना सामान्य मान्छेले घटाउन सक्दैन। सहकारीको उक्त शाखाको बारेमा सम्पूर्ण रुपमा जानेको/बुझेको मान्छेको सहयोग बिना कुनै पनि गिरोहले यस्तो घटना घटाउन सक्दैन,'–नगर प्रमुख खरेलले भने–'मैले जिल्ला प्रहरी कार्यालयसँग कुरा गरेको छु। जिल्ला प्रहरी कार्यालयले नै यसको निष्पक्ष अनुसन्धान गर्नुपर्छ र अपराधीहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्छ।'

नगरप्रमुख खरेलले शेयर सदस्य र बचतकर्ताबाट संकलन गरिएको रकमको सुरक्षा गर्ने दायित्व सम्बन्धित सहकारी कै भएको उल्लेख गर्दै समाजमा अपराधिक घटना नियन्त्रण गर्न सबैजना सजग हुनुपर्ने बताए।

# न्यू इरा स्कुलको ३१औं वार्षिकोत्सव

भैरहवा। भैरहवा स्थित न्यू इरा इंग्लिस बोर्डिङ्ग स्कुलले ३१औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न गरेको छ।

स्कुलले विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाएको हो। विद्यालयका अभिभावक तथा रोहिणी गाउँपालिकाका पूर्व अध्यक्ष सनोज यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै यादवले २५ वटा विद्यार्थीबाट सुरु भएको विद्यालयले सयौलाई शिक्षा प्रदान गर्दै उत्कृष्ट जनशक्ति मात्रै होइन ठूला ठूला ओहदामा पुऱ्याएको बताए। शिक्षा नै विकासको पहिलो पाइला रहेकोले शिक्षा विना विकास हुन नसक्ने उनले बताए। उनले शिक्षालाई सैद्धान्तिभन्दा पनि व्यवहारिक र प्रयोगात्मक शिक्षाको विकासलाई प्राथमिकता दिनुपर्ने बताए।

रुपन्देही मुलुकको शैक्षिक केन्द्रको रुपमा रहेकोले न्यू इरा पनि त्यसको एक हिस्सा भएको बताउँदै उनले अभिभावक, शिक्षक र विद्यार्थीको सामूहिक पहलमा उत्कृष्ट नतिजा विद्यालयले ल्याएको र यसलाई बढाउँदै निरन्तरता दिँदै जानु पर्ने जनाए।

वार्षिकोत्सवको अवसरमा विद्यालयले उत्कृष्ट शिक्षकहरु अञ्जु गुरुङ, पद्मा केसी शान्ति त्रिपाठी, उत्कृष्ट कर्मचारी कला थापालाई दोसल्ला र प्रशंसापत्रसहित सम्मान गरिएको थियो। यस्तै विद्यालयमा भएको अतिरिक्त क्रियाकलापअन्तर्गत परम्परागत पोशाक प्रदर्शनमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल हुने छात्र छात्रा विद्यार्थीहरुलाई पुरस्कृत, पञ्चकन्याहरुलाई सम्मान समेत गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरुले कक्षागत रुपमा पनि कला प्रदर्शन गरेका थिए। कार्यक्रममा बोल्दै अतिथि एवं पूर्व विद्यार्थीहरुले विद्यालयको शैक्षिक, भौतिक, व्यवस्थापकीय र वातावरणीय पक्षहरू अन्य विद्यालयको लागि पनि अनुकरणीय भएको धारणा व्यक्त गरे।

विद्यालय सञ्चालक समितिका अध्यक्ष दिपक सापकोटाको तथा विद्यालयका प्रधानाध्यापक कुन्तीदेवी सेनको संयोजनमा भएको कार्यक्रमको सञ्चालन विद्यालयका संयोजक हिमाल बडुवालले गरेका थिए। २०५० सालमा स्थापना भएको स्कुलमा कक्षा ८ सय बढी विद्यार्थी अध्ययनरत छन्।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह–सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल–११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१–५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१–५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com